आज मिति २०८१/०९/२४ गते बुधबार निस्दी गाउँपालिका, गाउँ कार्यपालिकाको ७५ औं बैठक निस्दी गाउँपालिकाका अध्यक्ष श्री मुक्त बहादुर सारु ज्यूको अध्यक्षतामा तपसिल अनुसारको उपस्थितिमा बसी देहाय अनुसारको प्रस्ताव माथि छलफल गरी निर्णय गरियो ।

उपस्थिति :

१. अध्यक्ष श्री मुक्त बहादुर सारु

२. उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ

३. वडा अध्यक्ष १ नं. वडा श्री यम बहादुर राना

४. वडा अध्यक्ष २ नं. वडा श्री फत्ते सिं दर्लामी

५. वडा अध्यक्ष ३ नं. वडा श्री नविन्द्र थापा सोती

६. वडा अध्यक्ष ४ नं. वडा श्री सन्तविर सुनारी

७. वडा अध्यक्ष ५ नं. वडा श्री दुर्गा बहादुर सोमै

८. वडा अध्यक्ष ६ नं. वडा श्री मेख बहादुर सुनारी

९. वडा अध्यक्ष ७ नं. वडा श्री मुक्त बहादुर पाटा

१०. कार्यपालिका सदस्य श्री हेम कुमारी सुनारी

११. कार्यपालिका सदस्य श्री देवीसरा सोमै

१२. कार्यपालिका सदस्य श्री मिम्श्री बयम्बु

१३. कार्यपालिका सदस्य श्री खुमीसरा पुलामी

१४. कार्यपालिका सदस्य श्री रिकलाल कामी

१५. कार्यपालिका सदस्य श्री खुम बहादुर वि.क.

१६. सदस्य सचिव श्री मदन अर्याल

अन्य सहयोगी कर्मचारी

१७. प्रशासन अधिकृत श्री अर्जुन खनाल

१८. लेखा अधिकृत श्री सरोज काफ्ले

१९. कार्यालय सहयोगी श्री लाल बहादुर खन्गाहा

२०. कार्यालय सहयोगी श्री शोभा कुमारी फाल

**मिति २०८१।०९।२४ गते बसेको निस्दी गाउँपालिकाको ७५ औं गाउँ कार्यपालिका बैठकको निर्णयहरु**

१. प्रस्ताव नं १ माथि छलफल गर्दा गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो । गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनमा भएको पाइयो । प्रमुख प्रशासकीय अधिकृत बाट गाउँ कार्यपालिकाको कार्यालय बाट सम्पादन भएका सेवा प्रवाह ,सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यबाट वडा कार्यालयबाट भएको सेवा प्रवाह तथा आयोजना संचालन, जनगुनासो र जनगुनासोको सम्वोधन गर्ने सम्बन्धी विषयमा यस बैठक समक्ष रिपोटिङ्ग गर्नुभयो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा बजेट तथा कार्यक्रम समितिबाट पेश भएको रकमान्तरको शिर्षक सर्वसम्मत पारित गरि गाउँ सभाको १६ औं अधिवेशन मा पेश गर्ने निर्णय गरियो । साथै सम्मान तथा पुरस्कार देहाय अनुसार प्रदान गर्ने निर्णय गरियो ।

**देहाय**

| क्र स | पुरस्कारको विधा | नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | उत्कृष्ठ प्र.अ | श्री हस्त बहादुर गाहा | जनप्रिय मा.वि निस्दी-०४ ,धिर्जे | सम्मान पत्र र रु ५००० |
| २ | उत्कृष्ठ बि.ब्य.स | श्री पिलेन्द्र ठाडा | सरस्वति मा.वि , निस्दी -०५ गल्धा | सम्मान पत्र र रु ५००० |
| ३ | उत्कृष्ठ व्यवसायी | सुमन बैगुर फर्म<br>भिम बहादुर सुनारी | निस्दी-०५ गल्धा | सम्मान पत्र र रु ५००० |
| ४ | उत्कृष्ठ कृषक | शुर्य बहादुर खाम्चा | निस्दी-०५ ,गल्धा | सम्मान पत्र र रु ५००० |
| ५ | उत्कृष्ठ उपभोक्ता समिति | १.लामपाटे मलखरक कुलो निर्माण उ.स<br>२. बेसार डाँडा गोरेटो बाटो उपभोक्ता समिति उ.स<br>३. चिदिया गोरेटो बाटो उ.स<br>४.अर्मलाङ्ग पोखरीथोक मो वा ढलान उ .स<br>५.झिरुवास मोटर बाटो ढलान उ .स<br>६.रुक्से भञ्ज्याङ्ग प्रतिक्षालय तथा धारा निर्माण उ .स<br>७. गाबुखोला नदि नियन्त्रण तथा सिंचाई कुलो | निस्दी -०२ ,सहलकोट<br>निस्दी-०७ ,ज्यामिरे<br>निस्दी-०६ ,अर्चले<br>निस्दी-०१, बाकामलाङ<br>निस्दी-०३ ,झिरुवास<br>निस्दी-०४ ,मित्याल<br>निस्दी-०५ ,गल्धा | सम्मान पत्र र रु ५००० |

प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | | व्यवस्थापन उ. स | | |
| ६ | उत्कृष्ट कर्मचारी | १.श्री जय बहादुर सोमै<br>२.श्री जुनु न्यौपाने<br>३. अकलेश्वर चौधरी<br>४. कुमार राना<br>५. विमला आचार्य<br>६. हरि आले<br>७. हिमाल सुनार<br>८. फक्रे आलम<br>९. बासुदेव पंगेनी | स्वास्थ्य चौकी वडा कार्यालय र गाउँकार्यपालिकाको कार्यालय | सम्मान पत्र र रु ५००० |

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा निस्दी गाउँपालिकाको LISA को अंक ७९.५ र FRA को ८६ अंक सर्वसम्मत अनुमोदन गरी पृष्ठ पोषणको लागी जिल्ला समन्वय समितिको कार्यालयमा पेश गर्ने निर्णय गरियो।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा निस्दी गाउँपालिकाको मुख्य प्रशासनिक भवन ठेक्का EGP/NCB/WORKS/NRM/09-077/078 को म्याद सकिएको मिति २०८१-०९-२९ बाट १ महिना थप गर्ने निर्णय गरियो। साथै कार्यप्रगतिको आधारमा थप म्याद गर्ने नगर्ने एकिन गर्ने निर्णय गरियो।

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा निस्दी गाउँपालिकाका करार कर्मचारीहरुको करार म्याद मिति २०८२ असार मसान्त सम्म थप गर्ने निर्णय गरियो।

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा निस्दी गाउँपालिका कृषि विकास सम्वन्धि एकिकृत कार्यविधि -२०८१ सर्वसम्मत पास गर्ने निर्णय गरियो।

७.प्रस्ताव नं ७ माथि छलफल गर्दा देहाय अनुसार निर्णय गरियो।

क) निस्दी गाउँपालिका र वडा कार्यालय मातहत रहेको भवन तथा जग्गाको मूल्यांकन प्रतिवेदन सर्वसम्मत पारित गरियो र पाम्स भर्जन २ मा प्रविष्टीको लागि गाउँ कार्यपालिकाको कार्यालय लाई निर्देशन दिने निर्णय गरियो।

ख) सामुदायिक रेडियो मदन पोखरा लाइ यस गाउँपालिकाको सुचना , शुभकामना सन्देश र कार्यक्रम संचालन रु ५५००० सूचना तथा संचार शिर्षक बाट विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो।

ग ) गरिवि निवारणको लागी लघु उधम विकास कार्यक्रमको स्तरोन्नती तालिम वडा नं २ सहलकोट र वडा नं ७ ज्यामिरेमा संचालन गर्ने र आधारभूत तालिम मागका आधारमा वडा मा संचालन गर्ने निर्णय गरियो।

०८१।१२।२४

मदन अर्याल
अधिकृत

घ) यस गाउँपालिकाको भू- बर्गिकरण मा देहाय अनुसार निर्णय गरियो ।

१. कित्ता विवरण तयार गर्दा केहि त्रुटि भएको पाइएमा स्थानिय भू-उपयोग परिषद् बाट स्विकृत मापदण्ड र क्षेत्रगत नक्सा ( जोन नक्सा ) को आधारमा नापी कार्यालय संग समन्वय गरी भूल सुधार गर्न सकिनेछ ।

२. फाइल नक्सा बनि बर्गिकरण विवरणमा कित्ता नम्वर छुट भएका कित्ताहरुको भू-उपयोग क्षेत्र बर्गिकरण गर्दा मुल कित्ता जुन क्षेत्रमा बर्गिकरण भएको छ सोहि क्षेत्रमा बर्गिकरण भएको मानिनेछ ।

३. नक्सा सिट नम्वर तथा कित्ता नापी डाटाको प्राविधिक त्रुटिको कारणले यदि कुनै कित्ता एक भन्दा पढि भू-उपयोग क्षेत्रमा रहेको पाईएमा नापी कार्यालयमा समन्वय गरि स्पष्ट भई सिफारिस दिनुपर्नेछ ।

४. केहि अस्पष्ठता भए स्थानिय भू-उपयोग परिषद् र नापी कार्यालय तथा मालपोत कार्यालय संग समन्वय गर्नुपर्नेछ ।

५. बर्गिकरणमा कित्ता नं कुनै कारणले छुट हुन गएको भएमा स्थानिय भू-उपयोग परिषद् बाट स्विकृत आधार तथा मापदण्ड र क्षेत्रगत नक्सा ( जोन नक्सा ) को आधारमा बर्गिकरण गरि सिफारिस गर्न सकिनेछ ।

घ) ईलाका प्रशासन कार्यालय रामपुर लाई एक वटा डेक्स टप कम्प्यूटर र प्रिन्टर विविध खर्च शिर्षक बाट खरिद गरि हस्तान्त्रण गर्ने निर्णय गरियो ।

ङ) निस्दी गाउँपालिका वडा नम्वर -०१ बाकामलाङ् भोटाहामा स्थापना गरिने प्रहरी चौकीको लागी आवश्यक सामाग्री विविध खर्च शिर्षक बाट खरिद गरी हस्तान्त्रण गर्न गाउँ कार्यपालिकाको कार्यालय लाई निर्देशन दिने निर्णय गरियो । साथै घर भाडा मासिक रु५६०० मा सम्झौता गर्ने निर्णय सर्वसम्मत गरियो ।

च) भक्तपुरे लोकल काक्रोको विउको बजार मुल्य प्रति के जी १० हजार कायम गरि गाउँपालिका भित्रका नागरिकलाई ५० प्रतिशत अनुदानमा काक्राको विउ गाउँपालिकाले प्रदान गर्ने निर्णय गरियो ।

छ) bio-metric scanner ८ वटा विविध खर्च शिर्षकबाट खरिद गर्न गाउँ कार्यपालिकाको कार्यालय लाई निर्देशन दिने निर्णय गरियो ।

ज) शहिद बहुमुखी क्याम्पस रामपुर , किसानबारी लाई शैक्षिक ब्यवस्थापन गर्न रु ५ लाख बरारबर आगामी आर्थिक बर्षमा वजेट विनियोजन गरि सहयोग गर्ने निर्णय गरियो ।

मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
नित्याल, पाल्पा

झ) महिला शिक्षक प्रसुति विदाको सट्टामा सोधभर्ना अनुदान कार्यान्वयन २०८१ पारित गर्ने निर्णय गरियो।

ञ) सडक डिभिजन कार्यालय तानसेनबाट कार्यान्वयन हुने पालिकामा खर्च हुने संघीय बजेट ४०,००,००० को बाटो मर्मत तथा निर्माणको कार्य मित्याल-झिरुवास सडक खण्ड अन्तरगत क्याकर खोला देखि काउँलेडाँडा Section (CH-20+120 देखि 21+000 ) भित्र कार्य गर्ने प्रकृया अघि बढाउने निर्णय गरियो।

मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा